annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १५१ पृष्ठ ८ | काठमाडौं, शनिबार १२ असोज २०८१ | आश्विन कृष्णपक्ष एकादशी नेपाल संवत् ११४४ | SATURDAY, SEPTEMBER 28, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

स्टार्टअपसँग अन्नपूर्ण

केही नयाँ, केही फरक उद्यम गर्नेहरुसँग अन्नपूर्ण पोस्ट्को सहकार्य।
अब हामी एकसाथ अगाडी बढ्नेछौं।

सहकार्यका लागि
हार्दिक आभार

Startup Partner

ARKBO Technologies Pvt. Ltd., Nepal
Pokhara Pizza House, Nepal
Kilindar Services Pvt. Ltd., Nepal
Voyageons Nepal Nepal
Braimy Scholars Space Pvt. Ltd., Nepal
Sweet Fix Nepal
Delish Dairies Pvt. Ltd., Nepal
Lexpertease Tech Holdings Pvt. Ltd., Nepal
Nepal Filili Tech Pvt. Ltd., Nepal
Basiyo Services Pvt. Ltd., Nepal
Shree Krishna Organic Agriculture & Cattle Farm, Nepal
Okay Journey Pvt. Ltd., Nepal
Bethanchok R.D.R. Krishi Tatha Pashupalan Farm Pvt. Ltd., Nepal
Lukla Outdoors Pvt. Ltd., Nepal
Global Diary Pvt. Ltd., Nepal
GG Corporation Pvt. Ltd., Nepal
Project Bank Nepal Pvt. Ltd., Nepal
Somchi, Nepal
Kunako Ghar, Nepal
Crown Agro Tech Pvt. Ltd., Nepal
Aava Technology Pvt. Ltd., Nepal
Tech Intergrators Pvt. Ltd., Nepal

International Partner

Bhakti Financial Group, USA
RD Retail India Pvt.Ltd., INDIA
Federation of Canada Nepal Chamber of Commerce, CANADA

Education Partner

Naaya Aayam Multi-Disciplinary Institute, Nepal

Agriculture Partner

Muktinath Krishi Company Ltd., Nepal

Business Development Partner

Udyamsheel Pvt.Ltd., NEPAL

Remittance Partner

NEO Money Transfer Pvt. Ltd., Nepal

Knowledge Partner

N. Hub Nepal

Oraganization Partner

Nepal Chamber of Commerce STARTUP & INNOVATION COMMITTEE, NEPAL


Mentorship Partner

Moirai Corporation Pvt. Ltd., Nepal

Investment Partner

Aadhyanta Fund Management Limited, Nepal

अन्नपूर्ण express annapurna



प्रधानमन्त्री ओलीले नेपालको सांस्कृतिक, धार्मिक तथा बहुआयामिक पक्षलाई गहिरोसँग केलाए। नेपाल धार्मिक, सांस्कृतिक र प्राकृतिक हिसाबले सुन्दर भएको भन्दै प्रशंसा गरे। अनि, संसारका नेताहरू भेला भएको मौका छोपेर 'आफ्नो देश संसारकै उत्कृष्ट' हो भने।

कभर स्टोरी

प्रधानमन्त्री ओलीको सम्बोधन

## जलवायु परिवर्तन र भूराजनीतिक द्वन्द्व सामना गर्न एकताको आह्वान

अखण्ड भण्डारी / अनिल अधिकारी | अमेरिका

- को रिपोर्ट

समाचार पृष्ठ २

## डिजिटल कारोबारमा १३ प्रतिशत भ्याट, सर्वसाधारण मारमा

ममता थापा | काठमाडौं

जाजरकोटका अबिन बिकेले केही दिनअघि प्रधानमन्त्री केपी शर्मा ओलीलाई म्यासेज पठाए। प्रधानमन्त्री ओलीले नै त्यसलाई सामाजिक सञ्जालमार्फत सार्वजनिक गरे। 'जाजरकोटका अबिन बिके लेख्नुहुन्छ- अहिले म दैनिक रूपमा सय/पचास रुपैयाँका कारोबार दिनमा ५/६ पटक गर्छु र त्यहाँ हरेक पटक लाग्ने ११ रुपैयाँ ३० पैसा चार्जले मेरो दैनिक रूपमा ६०/७० रुपैयाँ खर्च हुन्छ। यसरी महिनामा मेरो २ हजारदेखि २२ सयसम्म खर्च हुन्छ, यो कसरी हटाउने होला!' डिजिटल कारोबारमा एकाएक १३ प्रतिशत भ्याट थपिएपछि सानो-सानो कारोबार गर्नेहरू असन्तुष्ट छन्। प्रधानमन्त्री ओलीले साना डिजिटल कारोबार गर्दा निःशुल्क गर्ने विषयमा सम्बन्धित अधिकारीसँग छलफल गर्ने सामाजिक सञ्जालमार्फत आश्वासन पनि दिए।

प्रधानमन्त्री ओलीले नै सामाजिक सञ्जालमा 'हिजोआज फेसबुकको इन्‌बक्समा मोबाइल बैंकिङ ट्रान्सफर गर्दा लाग्ने गरेको अतिरिक्त चार्जबारे फेसबुकका साथीहरूबाट सुझावहरू आइरहेको' उल्लेख गरेका छन्। 'आजभोलि हामी धेरैजसो डिजिटल माध्यमबाट रकम ट्रान्सफर गर्ने गरेका छौं, ओलीले भनेका छन्, 'इन्टरनेटको सहजताले होला, सानोसानो कारोबारमा पनि हामी क्यासलेस गर्न अभ्यस्त छौं।' प्रधानमन्त्रीसँगै उनका मुख्य सल्लाहकार विष्णु रिमालले पनि धेरै युवाहरूबाट अहिले सबैजसो ठाउँमा डिजिटल पेमेन्ट सिस्टम भएको तर शुल्क अधिक भएको गुनासो आएको कुरा सामाजिक सञ्जालमा उल्लेख गरेका छन्। '१० रुपैयाँको बिस्कुट किनेर डिजिटल पेमेन्ट गर्दा बैंकहरूले १० रुपैयाँ चार्ज लगाउँछ, त्यसमा १३ प्रतिशत भ्याट जोडेर ११ रुपैयाँ ३० पैसा काटिन्छ,' युवाहरूको गुनासोलाई उद्धृत गर्दै उनले भने, 'चिया खाएको, साग किनेको जस्ता साना कारोबारमा पनि ११ रुपैयाँ ३० पैसा काटिन्छ। १० रुपैयाँ तिर्दा २१ रुपैयाँ काटिने यस्तो त हुँदै भएन। मलाई यो गुनासो




जायज लाग्यो। पाँच हजारभन्दा थोरै कारोबारमा यस्तो शुल्क नलगाउनु राम्रो हुन्छ कि?'

एकातर्फ सरकार डिजिटल बैंकिङ कारोबारलाई प्रोत्साहन गर्ने भन्छ। अर्कातर्फ अनलाइन बैंकिङ कारोबारको सेवाबापत शुल्क चर्को लिन्छ' सर्वसाधारणले केही दिनयता सामाजिक सञ्जालमा निकै गुनासो गरिरहेका छन्। बैंकिङ प्रणालीमा जतिसुकै रकम लेनदेन गरे पनि प्रति कारोबारकै सेवा शुल्क अधिकतम ११.३ रुपैयाँसम्म पुगिसक्यो। यसअघि अधिकतम १० रुपैयाँसम्म थियो। सरकारले राजस्वको आकार बढाउन डिजिटल कारोबारको सेवा शुल्कको भ्याटबापत रकम भुक्तानी प्रणाली सञ्चालकहरूले पनि आफूले व्यहोरेनन्, उल्टै ग्राहकसँग भार थपिदिए। अन्ततः मर्कामा आम सर्वसाधारण नै परे।

सरकारले चालु आर्थिक वर्षको संशोधित आर्थिक विधेयकमार्फत भ्याट (मूल्य अभिवृद्धि कर) थपेको हो। यसअघि यस्तो कारोबारमा सरकारले भ्याट छुट गर्दै आएको थियो। तर अहिले कसिलो बनाएकाले यसअघि तोकिएको शुल्कमा १३ प्रतिशत भ्याट थपिँदा महँगो देखिएको नेपाल राष्ट्र बैंक र भुक्तानी प्रणाली सञ्चालकका प्रतिनिधिहरू बताउँछन्।

सरकारले यसपटक मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची-१ लाई संशोधन गरी आर्थिक विधेयक, २०८१ द्वारा समाशोधन गृह (क्लियरिङ हाउस) सेवा खारेज गरेको हो। संशोधन विधेयकको भ्याट शीर्षकमा अन्य वस्तु तथा सेवाहरूअन्तर्गतको ५ नम्बरमा भनिएको छ, 'समाशोधन गृह (क्लियरिङ हाउस) सेवा झिकिएको छ।' सरकारले राजस्व बढाउने नाममा आम सर्वसाधारणलाई मर्कामा पारेको सरोकारवालाहरू गुनासो गर्छन्। यसबारे फेसबुक, सामाजिक सञ्जालहरूमा गुनासो पोखिएका छन्। गीतकार लोकराज अधिकारीले सामाजिक सञ्जालमा आफूले फोन-पेमार्फत बैंक खातामा १० रुपैयाँ पठाउँदा ११.३ रुपैयाँ चार्ज तिर्नु परेकोमा सरकारप्रति आक्रोश व्यक्त गरेका छन्। उनी भन्छन्, 'यो जनतामाथि खड्ग प्रहार हो। १० रुपैयाँ पठाउँदा ११ रुपैयाँ ३० पैसा तिर्नुपर्ने?'

### राष्ट्र बैंकले तोकेको भ्याटबाहेकको सेवा शुल्क

नेपाल राष्ट्र बैंकले यसअघि डिजिटल बैंकिङ कारोबारको सेवा शुल्क निर्धारण गरिसकेको छ तर त्यसलाई परिमार्जन गरेको छैन। केन्द्रीय बैंकले भुक्तानी प्रणालीसम्बन्धी एकीकृत निर्देशन-२०८० गत मंसिरमा जारी गर्दै शुल्कसम्बन्धी व्यवस्था गरेको थियो। बैंक तथा वित्तीय संस्थाका ग्राहकहरूले मोबाइल एप्लिकेसन (एप) वा इन्टरनेट बैंकिङमार्फत विद्युतीय रकमान्तर अन्तर बैंक फन्ड ट्रान्सफर गर्दा सेवा प्रदायकहरूले जतिसुकै रकमको अर्थात् (रु. १ देखि यसमाथि) प्रति कारोबार अधिकतम १० रुपैयाँसम्म सेवा शुल्क लिन सक्ने अधिकार राष्ट्र बैंकले दिएको छ। अहिले १३ प्रतिशत भ्याट थपिँदा ग्राहकलाई १.३० पैसासहित ११ रुपैयाँ ३० पैसा प्रतिकारोबारको सेवा शुल्क पर्न गएको हो।

» बाँकी पृष्ठ ६